बैठक नं. १

आज मिति २०७८/०४/१९ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावत ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम. बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | टोपेन्द्र बहादुर के.सि. | सचिव | |
| | **सहयोगी कर्मचारी** | | |
| १. | सुदिपसिंह सुनार | लेखा अधिकृत | |
| २. | बालकृष्ण महतारा | इन्जिनियर | |
| २ | बिरबहादुर बि.के. | अधिकृत | |
| ३ | अग्नि प्रसाद आचार्य | अधिकृत | |

Scanned with CamScanner

निर्णय नं.१

मिति २०७८/०४/०१ गतेका दिन कोहलपुर नगरपालिका नगर शिक्षा समितिले पारित गरेका तपशिल वमोजिमका निर्णयहरु संशोधन सहित अनुमोदन गर्ने ।

तपशिल

१) थप कक्षा सञ्चालनका लागि सामुदायिक विद्यालय तर्फ ८ वटा विद्यालयहरु र संस्थागत विद्यालयहरु तर्फ २५ वटा विद्यालयहरुले निवेदन पेश गरेकोमा शिक्षा शाखाबाट गरिएको स्थलगत अनुगमन, माग गरिएका कागजातहरुको अध्ययन र शैक्षिक तथा भौतिक अवस्थाको आधारमा तपसिल बमोजिमका विद्यालयहरुलाई शिक्षा नियमावली, २०५९ को नियम १३ को उपनियम (२) बमोजिम कक्षा थप अनुमति प्रदान गर्ने ।

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | विद्यालयको प्रकार | माग गरेको कक्षा | कक्षा थपको लागि सिफारिस गरिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डायमन्ड स्टार एकेडेमी | कोहलपुर -१२ | संस्थागत | ४ | ४ | |
| २ | सिद्दार्थ मा वि | कोहलपुर -५ | सामुदायिक | १० | १० | |
| ३ | आशा एकेडेमी | कोहलपुर-११ | संस्थागत | २ | २ | |
| ४ | लर्ड बागेश्वरी एकेडेमी | कोहलपुर -११ | संस्थागत | ८ | ८ | |
| ५ | जिव नज्योतिस्कुल | कोहलपुर -१० | संस्थागत | ८ | ८ | |
| ६ | कोहलपुर सिटी एकेडेमी | कोहलपुर -११ | संस्थागत | ६ | ६ | |
| ७ | सेन्चुरी एजुकेशनल एकेडेमी | कोहलपुर -२ | संस्थागत | ११ | ११ | |
| ८ | गोल्डेन फ्युचर एकेडेमी | कोहलपुर -१२ | संस्थागत | ५ | ५ | |
| ९ | पब्लिकलर्ड बुद्द एकेडेमी | कोहलपुर -२ | संस्थागत | ७ | ७ | |
| १० | शिवशक्तिप्रा वि | कोहलपुर-२ | सामुदायिक | ६ | ६ | वि.व्य.स.ले श्रोत सुनिश्चित गरे पछि दिने |
| ११ | जनज्योति प्रा वि, झन्डहवा | कोहलपुर- ९ | सामुदायिक | ६ | ६ . | वि.व्य.स.ले श्रोत सुनिश्चित गरे पछि दिने |
| १२ | साईनिङ्ग स्टार एकेडमी | कोहलपुर -०९ | संस्थागत | ११ | ११ | |
| १३ | नेपाल ए पि एफ स्कुल | कोहलपुर -२ | संस्थागत | ६ | ६ | |
| १४ | नमुना विद्या सदन | कोहलपुर- ८ | संस्थागत | १२ | १२ | |
| १५ | गुरुकुल सकर स्कुल | कोहलपुर-०३ | संस्थागत | ४ | ४ | |
| १६ | जन चेतना आ वि | कोहलपुर -४ | सामुदायिक | ७ | ७ | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | गुरुकुल सकर स्कुल | कोहलपुर-०३ | संस्थागत | ४ | ४ | |
| १६ | जन चेतना आ वि | कोहलपुर -४ | सामुदायिक | ७ | ७ | |
| १७ | भरोसा एकेडेमी | कोहलपुर-२ | संस्थागत | २ | २ | |
| १८ | फुलवारी एजुकेशन एकेडेमी | कोहलपुर-२ | संस्थागत | ७ | ७ | |
| १९ | कोहलपुर पाठशाला ई. मि. स्कुल | कोहलपुर-०२ | संस्थागत | ४ | ४ | |
| २० | राम जानकी राधाकृष्ण संस्कृत गुरुकुल स्कुल | कोहलपुर-१२ | धार्मिक | ३ | ३ | |
| २१ | क्यानभास बोर्डिङ स्कुल | कोहलपुर- ८ | संस्थागत | ५ | ५ | |
| २२ | ग्रिन हिल एकेडेमी | कोहलपुर -६ | संस्थागत | ६ | ६ | |
| २३ | ज्ञानकुञ्ज इ मि स्कुल | कोहलपुर- १२ | संस्थागत | ५ | ५ | |
| २४ | पञ्चमुखी ई मि सेकेन्डरी स्कुल | कोहलपुर-५ | संस्थागत | १२ | १२ | |

२) संस्थागत विद्यालयहरुमा कक्षा ४ भन्दा माथि अध्ययन गर्ने बालबालिकाहरुकोलागि सिकाइ निरन्तरता कायम गर्न CUG सिम पाठशालामा आवद्द गराउन नेपाल टेलिकम कोहलपुर शाखामा सिफारिस गर्ने र सो का लागि लाग्ने सिम तथा रिचार्ज शुल्क बापतको रकम विद्यालय आफैले व्यवस्था गर्ने ।

३) कोहलपुर नगरपालिका अन्तर्गत रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरु संग वैकल्पिक सिकाई सम्बन्धमा शिघ्र छलफल बैठक गर्ने ।

निर्णय नं. २

यस कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ,अन्तर्गतका वडा कार्यालय तथा शाखा कार्यालयहरुले आर्थिक वर्ष ०७७/०७८ मा सम्पादन गरेका कार्यहरुको समिक्षा तपशिल बमोजिमको मितिमा सम्पन्न गर्ने ।

तपशिल

क. वडा कार्यालयहरुले २०७८ साउन २५ गते सम्म ।

ख. नगरपालिकाको कार्यालय र शाखा कार्यालयहरुले २०७८ साउन २८ र २९ गते ।

निर्णय नं. ३

यस कोहलपुर नगरपालिकालाई कोभिड -१९ रोकथाम गर्ने कार्यमा रु. १०,०००/-( दश हजार) देखि माथि नगद वा जिन्सी सहयोग गर्ने व्यक्ति ,संघ संस्था .व्यापारी, प्रतिष्ठान ,उद्योगी लगायतका सहयोग दाताहरु लाई नगरपालिकाको कार्यालयले सम्मान गर्ने ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Shaguns

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४

यस कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट संचालन भएको नगर अस्पतालमा तपशिल बमोजिमको अस्थाई दरबन्दी स्वीकृत गर्ने र तत्काल आवश्यक पदको विज्ञापन गर्ने ।

तपशिल

| | |
|---|---|
| क. मेडिकल अधिकृत (MBBS) डाक्टर | -२ (दुई) जना |
| ख. रेडियोग्राफी | -१ (एक) जना |
| ग. फार्मेसी | -१ (एक) जना |
| घ. ल्याव टेक्निसियन | -१ (एक) जना |
| ङ स्टाफ नर्स | -३ (तीन) जना |
| च. सि.अ.हे.व./हेल्थ असिस्टेन्ट | -३ (तीन) जना |
| छ. अ.न.मी | -३ (तीन) जना |
| ज. अ.हे.व. | -३ (तीन) जना |
| झ. कार्यालय सहयोगी | -४ (चार) जना |
| ञ. स्वीपर | -२ (दुई) जना |

निर्णय नं. ५

कोहलपुर नगरपालिकाको नवौ नगर सभाको निर्णय र स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ४२ मा नक्सा पास सम्बन्धी बिशेष व्यवस्था भए अनुसार प्रचलित कानून बमोजिम नक्सा पास गर्नु पर्नेमा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी बनाएको भवनको अभिलेखिकरणको लागि तत्काल सूचना प्रकाशन गरी सबै वडा कार्यालय तथा संचार माध्यमबाट प्रचार प्रसार गर्ने साथै सूचना प्रकाशन हुनु भन्दा अगाडी दर्ता हुन आएका र नयाँ नक्शा दर्ता प्रक्रियामा आएका भवनहरुको अभिलेखिकरणको कार्य सुचना प्रकाशन भएको मिति देखि नक्शा दर्ता प्रक्रिया सुरु गर्ने ।

निर्णय नं. ६

आर्थिक बर्ष ०७८/०७९ मा सङ्घीय समपुरक कोष र प्रदेश समपुरक कोषबाट निर्माण हुने तपसिलका योजनाहरुको फरक-फरक लागत अनुमान तयार गरी सबै लागत अनुमानलाई जोडेर (मर्ज) एउटै वोलपत्र मार्फत ठेक्का आह्वान गर्ने ।

तपशिल

| | |
|---|---|
| क. त्रिवेणी चोक शान्ति टोल हुँदै दाङ्गपुर जोड्ने सडक कालो पत्रे वडा नं. ३ | (सङ्घीय समपुरक कोष) |
| ख. शिव मन्दिर बुद्ध चोक हुँदै त्रिमावि सडक कालो पत्रे वडा नं. ६ | (सङ्घीय समपुरक कोष) |
| ग. सिद्धार्थ चोक सडक कालो पत्रे वडा नं. २ | (प्रदेश समपुरक कोष) |
| घ. त्रि. मा. वि. देखि गोल्छा सम्म आर. सी. सी. ढल वडा नं. १० | (प्रदेश समपुरक कोष) |
| ङ सुन्दरनगर देखि राप्तीनगर सडक कालो पत्रे वडा नं. ८ | (प्रदेश समपुरक कोष) |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

विगत आर्थिक वर्षहरुमा लागत साझेदारीको रुपमा उपभोक्ता समितिबाट नगद जम्मा गर्नु पर्ने व्यवस्था भएकोमा आर्थिक बर्ष ०७८/०७९ मा नगरपालिका र अन्तर्गतका वडा कार्यालयमा उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुमा उपभोक्ता समितिले श्रमदान वा नगद लागत साझेदारी गर्नु पर्ने व्यवस्था मिलाउने|

निर्णय नं. ८

यस नगरपालिकाको वडा नं. १ मा रहेका भूमिहीन दलित , सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नाप जाँच सम्पन्न भएकोले जग्गा धनि प्रमाण-पुर्जा वितरणको लागि भुमि सम्बन्धी समस्या समाधान आयोग बाँकेलाई अनुरोध गर्ने र उक्त कार्यमा कार्यरत कार्यचारीहरुको म्याद थप गर्ने साथै आबश्यकता अनुसार थप जनशक्तिको व्यवस्था गर्ने ।

निर्णय नं. ९

भुमि सुधार तथा मालपोत कार्यालय , बाँकेमा यस कोहलपुर नगरपालिकाबाट जाने सेवाग्राहीहरुलाई सहयोग गर्न नगरपालिकाको तर्फबाट नागरिक सहायता कक्ष (Help desk) मा राखिएका तपसिलका सहजकर्ताहरुलाई आ.व.०७८/०७९ देखि मासिक रु.१७,०००/-(सत्र हजार) पारिश्रमिक उपलब्ध गराउने ।

तपशिल

क. नन्द खत्री - नेपालगंज उप- महानगरपालिका - १८ बाँके

ख. तारा रिजाल - नेपालगंज उप- महानगरपालिका - २ बाँके

निर्णय नं. १०

यस नगरपालिकाको कार्यालयबाट आर्थिक वर्ष ०७६/०७७ र ०७७/०७८ मा ठेक्का सम्झौता भई निर्माण स्थलहरुको विवाद र कोरोनाको कारण कार्यसम्पन्न हुन नसकेका योजनाहरुको ६ महिना म्याद थप गर्ने ।

निर्णय नं. ११

यस नगरपालिकाको गतिविधि प्रसारणको लागि नेपाल टेलिभिजन कोहलपुर र नगरपालिकाको कार्यालय बीच आपसी समझदारीमा सम्झौता गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. १२

हाल नगरपालिकाको कार्यालयबाट पी.सी.आर. र एन्टीजेन परिक्षण गर्दा कोरोना पोजेटिभको संख्या बढ्दो अवस्थामा देखिएको हुँदा नगरवासीहरुलाई सुरक्षाको मापदण्ड पालना गर्न आह्वान गर्ने र वडा कार्यालयहरु तथा संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

निर्णय नं. १३

यस नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने मेसिनरी सामानहरु (सि.बि.सी., एनालाईजर) लगायत ल्यावको लागि चाहिने केमिकल खरिद कार्यको लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १४

यस कार्यालयमा सहयोगका लागि परेका निवेदन अनुसार तपशिलका व्यक्तिहरुलाई तपशिल बमोजिमको नगद तथा जिन्सी सहयोग गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. श्री ठाकुरप्रसाद थारु (वडा अध्यक्ष -९) -रु. ३५,०००/- (पैतीस हजार) आर्थिक सहायता शिर्षक

२. श्री पविता नेपाली (वडा सदस्य -६) - प्राविधिक नाप जाँच गरि कर्कट पाता उपलब्ध गराउने।
(विपद् व्यवस्थापन शिर्षक )

३. श्री लालबहादुर सुनार (वडा १४) प्राविधिक नाप जाँच गरि कर्कट पाता उपलब्ध गराउने ।
(विपद् व्यवस्थापन शिर्षक)

४. श्री मेघु सिंह परियार (वडा -६) - प्राविधिक नाप जाँच गरि कर्कट पाता उपलब्ध गराउने।
(विपद् व्यवस्थापन शिर्षक)

५.श्री रुपकली सुनार (वडा -८ नहर छेउ) - प्राविधिक नाप जाँच गरि कर्कट पाता उपलब्ध गराउने ।
(विपद् व्यवस्थापन शिर्षक )

निर्णय नं. १५

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा आर्थिक वर्ष ०७७/०७८ मा सबै भन्दा पहिला कर तिर्ने र सबै भन्दा धेरै कर तिर्ने प्रथम र दोश्रो कर दाता (व्यक्ति ,फर्म तथा संघ संस्था) लाई सम्मान गर्ने ।

निर्णय नं. १६

साविक चटार गा.वि.स. वडा नं. ३ हाल कोहलपुर नगरपालिका वडा नं. ११ स्थित नगरविकास समितिको स्वामित्वमा रहेको कि.नं. २८० चटार ३/ख क्षेत्रफल ५ बिगाह जमिन अन्तराष्ट्रिय क्रिकेट मैदान निर्माणको लागि छुट्याईएको र विस्तृत परियोजना प्रतिवेदन **(DPR)** समेत तयार भई बजेट अभावका कारण ठुला पूर्वाधारहरु निर्माण गर्न नसकेको हुँदा आवश्यक बजेटको लागि सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश संग अनुरोध गर्ने ।

निर्णय नं. १७

यस कोहलपुर नगरपालिकालाई रिंगरोड निर्माणकार्यको लागि सङ्घीय समपुरक कोष अन्तर्गत प्राप्त बजेटबाट तपसिलका स्थानहरुबाट रिंगरोडको ट्रेक खोल्ने गरि ठेक्का आह्वान गर्ने ।

<u>तपशिल</u>

- वन्दा , सिमरी प्रतिक्षालय ,रोहिणी टोल , कालिका मन्दिर, भरैया १३ नं. वडा कार्यालय , दाउन्ना नयाँ बस्ति , वडा नं. २ विकास नगर हुँदै २ नं. प्रहरी विट सम्म रिंगरोडको ट्रेक खोल्ने ।

निर्णय नं .१८

सार्वजनिक खरीद नियमावली २०६४ को परिच्छेद १५को नियम १४८(१) बमोजिम बाँके जिल्ला दररेट निर्धारण समितिले आर्थिक वर्ष ०७८/०७९ लागी निर्धारण गरेको जिल्ला दररेटलाई यस कोहलपुर नगरपालिकाको आर्थिक वर्ष ०७८/०७९ को स्थानीय दररेट कायम गर्ने ।

Scanned with CamScanner